आज मिति २०७७/०१/०८ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा **District Corana Crisis Management Center (DCCMC)** को बैठक बसि देहायको उपस्थितिमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

**उपस्थिति:**

सल्लाहकार :

| सि.नं. | नाम थर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १. | कृष्णगोपाल तामाङ | प्रमुख | जिल्ला समन्वय समिति | ९८५१०८७४९० | |
| २. | अमान सिं तामाङ | प्रमुख | चौतारा साँगाचोकगढी नगरपालिका | ९७५१२५४४२४ | |

समिति:

| सि.नं. | नाम थर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | उमेश कुमार ढकाल | प्र.जि.अ/संयोजक | जिल्ला प्रशासन कार्यालय | ९८५१२५७७७७ | |
| २ | सुशील महत | प्र.से | गोरख बक्स गण | ९८५७८३३३४७ | |
| ३ | प्रज्वल महर्जन | प्र.उ | जिल्ला प्रहरी कार्यालय | ९८५१२५५५५५ | |
| ४ | बाबुराम खनाल | स.प्र.जि.अ | जिल्ला प्रशासन कार्यालय | ९८५१२४३०८४ | |
| ५ | अरुण कार्की | प्र.अ.अ | राष्ट्रिय अनुसन्धान जि.का | ९८४१७०६२२१ | |
| ६ | महेन्द्रनाथ भट्टराई | जि.स.अ | जिल्ला समन्वय समिति | ९८५११४३२६३ | |
| ७ | दुर्गादत्त चापागाई | व.ज.स्वा.अ | स्वास्थ्य कार्यालय | ९८५१२०१०२६ | |
| ८ | निरक शाही | स.प्र.नि. | सशस्त्र प्रहरी बल नेपाल | ९८५८०५३२१९ | |
| ९ | डा.अमित प्रजापति | नि.मे.सु | चौतारा अस्पताल | ९८६५०६८२४६ | |

निर्णयहरु :-

१. गृह मन्त्रालयको च.नं. ३५६६ मिति २०७७/०१/०४ गतेको पत्र बैठकमा प्राप्त भई व्यहोरा अवगत भयो। सो सम्वन्धमा मिति २०७७।०१।०३ गते माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूको संयोजकत्वमा बसको नोभेल कोरोना रोकथाम तथा नियन्त्रण उच्चस्तरिय समन्वय समितिले गरेको देहायको निर्णय कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

क) कोभिड-१९ संक्रमणको बढ्दो प्रभावलाई दृष्टिगत गरि सरकारी तथा निजी चिकित्सकहरुलाई समेत परिचालन गरि सघन एवं प्रभावकारी रुपमा RDT एवं PCR Test को कार्यलाई अघि बढाउने ।

ख) कोरोना संक्रमण जोखिम न्यूनिकरण गर्न अत्यावश्यक दैनिक उपभोग्य वस्तुको उत्पादन गर्ने, कृषि व्यवसाय, उद्योग व्यवसाय र निर्माण व्यवसाय (जिल्लाभित्र सञ्चालित निर्माण/स्तरोन्नती गरिने पुल तथा सडकहरुको निर्माण कार्य) का लागी आवश्यक पर्ने कच्चापदार्थहरुको Lockdown अवधिभर यस जिल्लामा संचालित विभिन्न आयोजनाहरुको निर्माणकार्य संचालन गर्ने/गराउने सम्वन्धी कार्यविधि २०७७ बमोजिम नियमित आपूर्ति गर्न, व्यवसाय सञ्चालन गर्न र उत्पादित वस्तुको बजारसम्मको ढुवानी गर्न सहज हुने गरी आवश्यक व्यवस्था मिलाउने । तर उल्लेखित शर्त मापदण्ड पालना नगर्ने कृषि व्यवसाय, विकास तथा निर्माण व्यवसाय र उद्योग व्यवसायहरुलाई कच्चा पदार्थको ढुवानी, व्यवसायको सञ्चालन र बजारीकरणमा प्रहरी प्रशासनले कडा निगरानी गरी रोक लगाउने ।

२. सडक डिभिजन कार्यालय चरिकोटको च.नं. ७७३ मिति २०७७/०१/०७ गतेको पास उपलब्ध गराईदिने भन्ने विषयको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । उक्त निर्माण कार्यलाई जिल्ला प्रहरी कार्यालयमार्फत सहजीकरण गर्ने निर्णय गरियो ।

३. नेपाल ईन्जिनियर्स एशोसियसन बागमती प्रदेश कार्यकारिणी समितिको मिति २०७७/०१/०८ गतेको पत्रानुसार स्वाव संकलन तथा बुथ हस्तान्तरणको लागी अनुमति माग भएकोले स्वास्थ्य कार्यालय सिन्धुपाल्चोकसँग आवश्यक समन्वय गरी चौतारा, मेलम्ची र बाहविसेमा बुथ स्थापना गर्न र चौतारामा बुथ हस्थान्तरण गर्न अनुमति दिने निर्णय गरियो ।

४. टुकी संघ सुनकोशी सिन्धुपाल्चोकले यस जिल्लास्थित बाहविसे नगरपालिका, बलेफि गाउँपालिका, सुनकोशी गाउँपालिका, लिसंखपाखर गाउपालिका, त्रिपुरासुन्दरी गाउपालिका र भोटेकोशी गाउपालिकामा आवश्यक स्वास्थ्य सामग्री काठमाडौंबाट ल्याई वितरण गर्नको लागी सम्बन्धित पालिकाहरुको पत्रसहित राखी अनुरोध गरेकोले सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिलाई स्वास्थ्य सामग्री हस्तान्तरण गर्न स्वीकृति दिने निर्णय गरियो ।